# क्वाल्कोम सफ्टवेर र एप्लिकेसनहरूको बारेमा थप जानकारी

क्वालकोम इन्कर्पोरेटेड (Qualcomm Incorporated) का सहायक कम्पनीहरूले मोबाइल यन्त्रको कार्यसम्पादन सुधार गर्न, ब्याट्रीको शक्ति संचित गर्न, र यन्त्रको सुरक्षा सुधार गर्नमा सहयोग गर्न सक्ने विभिन्न सफ्टवेर र एप्लिकेसनहरू, र सेवाहरू प्रदान गर्छन्। यी सफ्टवेर एप्लिकेसनहरूमा निम्न पर्छन्:

## क्वाल्कोम लोकेसन

क्वाल्कोम लोकेसन (पहिले "IZat") क्वाल्कोम टेक्नोलोजिज, इन्क. (Qualcomm Technologies, Inc.) ले संयुक्त राज्यमा, युरोपेली आर्थिक क्षत्रभित्रका देशहरूमा क्युटी टेक्नोलिजिज आयरल्यान्ड लिमिटेड (QT Technologies Ireland Limited), र कोरिया गणतन्त्र (वा दक्षिण कोरिया) मा क्वाल्कोम सिडीएमए टेक्नोलोजिज (कोरिया) ले प्रदान गर्छ। क्वाल्कोम लोकेसनले तपाईंको यन्त्रलाई आफ्नो लोकेसन द्रुत र सटिक रूपमा निर्धारण गर्न सक्षम तुल्याउन सक्छ – चाहे त्यो तपाईंको यन्त्रले राम्रो जिपिएस सिग्नल दिन नसकेको अवस्थामा नै किन नहोस्। क्वाल्कोम लोकेसनले लोकेसन डाटा प्रयोग गर्ने एप्लिकेसनहरू वा सेवाहरूको प्रयोग गर्दा तपाईंको यन्त्रको ब्याटरीलाई संचय गर्न सहयोग गर्नसक्छ। यदि तपाईंले लोकेसन इनेबल गरिएको एप्लिकेसनहरू प्रयोग गर्नुहुन्छ भने, तपाईंको यन्त्रले त्यस्ता एप्लिकेसन प्रदायकहरूलाई यसको लोकेसन वा अवस्थिति पठाउन सक्छ। एप्लिकेसनलाई प्रदान गरिएको लोकेसन जानकारी तिनीहरूको सर्त र गोपनीयता नीतिहरूद्वारा संचालित हुन्छ। तपाईंले ती एप्लिकसेन प्रदायकहरूको सर्त र गोपनीयता नीतिहरू हेर्नुहोस् भनी सिफारिस हामी गर्छौं।

क्वाल्कोम लोकेसनले समय-समयमा तपाईंको यन्त्रमा नजिकैको सेल्युलर टावरहरू र वाइफाइ पहुँच बिन्दुहरूका विषयमा लोकेसन सम्बन्धी डाटा डाउनलोड गर्छ। यो डाटा तपाईंको यन्त्रलाई यसको स्थान निर्धारण गर्न र ब्याट्रीको शक्ति संचित गर्नमा सहयोग गर्नको लागि यो डाटालाई तपाईंको यन्त्रको जाइरोस्कोप वा एक्सेलेरोमिटर जस्ता सेन्सरहरूबाट प्राप्त डाटालाई मिलाउन सक्छ।

क्वाल्कोम लोकेसनले बेला-बेलामा युनिक सफ्टवेर आईडी, तपाईंको यन्त्रको स्थान (देशान्तर, अक्षांश र उचाइ, र यसको अनिश्चितता) र नजिकका सेल्युलर टावरहरू र वाइफाइ हटस्पटहरू, सिग्नलको क्षमता, र समय (समग्रमा, "लोकेसन डाटा") हामीलाई पठाउँछ। कुनै पनि इन्टरनेट सञ्चारमा जस्तै, हामी तपाईंको यन्त्रले प्रयोग गर्ने आईपी ठेगानालाई पनि प्राप्त गर्छौं। हामीलाई हाम्रो प्रणालीहरूको प्रस्तुआईडीति सुरक्षा गर्न, मूल्याङ्कन गर्न, र सुधार गर्नको लागि सहायता गर्न हामीले सङ्कलन गर्ने लोकेसन डाटा, सफ्टवेर र आईपी ठेगानाहरू, र अन्य डाटाहरू प्रयोग गर्छौं। क्वाल्कोम लोकेसनले हामीले सङ्कलन गर्ने डाटालाई सुरक्षा गर्नको लागि विभिन्न उचित र सही सुरक्षा मापनहरूको प्रयोग गर्छ। यसको साथै, हामी तपाईंको सफ्टवेर आईडी वा आईपी ठेगाना सहितको डाटालाई हामी दिर्घकालीन रूपमा भण्डारण गर्दैनौं, न त हामी क्वाल्कोम लोकेसनका प्रयोगकर्ताहरूलाई व्यक्तिगत रूपमा पहिचान गर्ने प्रयास नै गर्छौं। प्रणालीको प्रस्तुतिलाई वृद्धि गर्नको लागि हामी तपाईंको लोकेसन डाटासँग सम्बन्धित सफ्टवेर आईडी र आईपी ठेगानालाई प्राप्त गरेको तीस दिनभित्र दिर्घकालीन रूपमा मेटाउँछौं। आईपी ठेगानाहरू र सफ्टवेर आईडीहरू हटाइसकेपछि, हामी सेल्युलर टावरहरू र वाइफाइ पहुँच बिन्दुहरूसँग सम्बन्धित एउटा अज्ञात डाटाबेस तयार गर्नको लागि हामी लोकेसन डाटालाई समाहित गर्छौं।

यदि तपाईं गणतन्त्र कोरियामा हुनुहुन्छ भने, क्वाल्कोम लोकेसन सेवा लोकेसन सूचना सुरक्षा कानुन (Location Information Protection Act) ("कानुन") मा आधारित छ र तपाईंले उक्त कानुनले दिएका अधिकारहरू प्राप्त गर्नुहुन्छ। कोरियामा हामीले गर्ने अभ्यासहरूका विषयमा प्रश्नहरू वा टिप्पणीहरूका लागि, कृपया हामीलाई सम्पर्क गर्नुहोस्:


Qualcomm CDMA Technologies (Korea) YH<br>
Attention Legal Department<br>
4th, 15th, 16th & 17th Fl.<br>
119, Nonhyeon-dong, Gangnam-gu<br>
Seoul, 135-820<br>
गणतन्त्र कोरिया<br>
टेलिफोन नम्बर:<br>
82-2-3404-1114

**क्वाल्कोम टेक्नोलोजी रिपोर्टिङ (QTR) -- नैदानिक तथ्याङ्क**

QTR, क्वाल्कोम टेक्नोलोजिस, इन्क (Qualcomm Technologies, Inc.) ले संयुक्त राज्यमा, र युरोपेली आर्थिक क्षेत्रमा क्युटी टेक्नोलोजिज आयरल्यान्ड लिमिटेड (QT Technologies Ireland Limited) ले प्रदान गर्ने प्रविधि हो।

QTR ले निम्न कुराहरू संकलन गर्न सक्छ: (i) यन्त्रमा स्थापना गरिएका र/वा चलिरहेका एप्लिकेसनका नामहरू, (ii) कन्फिगिरेसन जानकारी (जस्तै उत्पादक, मोडेल, सञ्चालन प्रणाली र संस्करण, फर्मवेर र संस्करण, वायरलेस क्यारियर, मोबाइल कन्ट्री कोड र नेटवर्क कोड, र चिपसेट सिरियल नम्बर (जसले तपाईंलाई पहिचान गर्दैन), (iii) यन्त्रको कार्यसम्पादन तथा सुरक्षा तथ्याङ्कहरू (जस्तै CPU, GPU, वा मोडेमका कार्यसम्पादनहरू), र (iv) तपाईंलाई पहिचान नगर्ने, तर फोन वरिपरिको चाल, अभिमुखीकरण, र वातावरण सम्बन्धी अवस्थाहरूलाई मापन गर्ने सेन्सर डाटा। डाटा इन्क्रिप्ट गरिएको WiFi द्वारा, वा सीमित मात्रामा, तपाईंको सेल्युलर नेटवर्कबाट अपलोड गरिन्छ।

हामी QTR ले सङ्कलन गर्ने डाटालाई हाम्रो वायरलेस कार्यसम्पादन सुधार गर्नको लागि अर्को पुस्ताको मोबाइल प्रविधि विकास गर्न, ब्याट्री शक्ति संचित गर्न, सुरक्षात्मक उपायहरूको विकास गर्न, र हाम्रा व्यापारिक कार्यहरूलाई सुधार गर्न हामीलाई सहायता गर्न लगायत यो नीतिमा व्याख्या गरिएका उद्देश्यहरूको लागि प्रयोग गर्छौं। हामी वायरलेस क्यारियरहरू वा यन्त्र उत्पादकहरूलाई तिनका वायरलेस यन्त्र, नेट्वर्क, र सुरक्षा सुधार गर्नको लागि QTR डाटा प्रदान गर्न सक्छौं।

QTR ले एन्ड्रोइड सेटिङ मेन्युमा, "Qualcomm Technologies Reporting" मा गएर डाटा सङ्कलन रद्द गर्ने विकल्प प्रदान गर्छ। रद्द गरेमा यसले तपाईंको यन्त्रको प्रस्तुतिलाई नकरात्मक रूपमा असर गर्नेछ।

केही नोटहरू: कुनै पनि इन्टरनेट कनेक्सनले जस्तै, हामी पनि यन्त्रले प्रयोग गर्ने आईपी ठेगानाहरू प्राप्त गर्छौं, तर यसलाई प्राप्त गरिसकेपछि हामी तुरुन्तै यसलाई मेटाउँछौं। यदि QTR ले हामीलाई यो गोपनीयता सम्बन्धी नीतिमा उल्लेख नगरिएको कुनै पनि डाटा जुन व्यक्तिगत डाटा हुनसक्छ, त्यसलाई प्राप्त गरेमा, हामी त्यसलाई प्राप्त गर्ने बित्तिकै तुरुन्तै मेटाउँछौं। QTR का केही संस्करणहरूसँग यन्त्रको "international mobile equipment identifier (IMEI) सङ्कलन गर्ने क्षमता हुन्छ, तर यो क्षमता हाल प्रयोग गरिएको छैन। यदि भविष्यमा हामीले IMEI गर्‍यौं भने, यो खुलासा गरिएको, अत्यावश्यक उद्देश्यहरूको लागि, र लागू भएका सबै डाटा सुरक्षा र गोपनीयता कानुन अनुसार गरिनेछ। अन्तिममा, QTR का केही संस्करणहरूमा हामीलाई यन्त्र लोकेसन डाटा पठाउने विकल्पलाई सक्रिय गर्ने क्षमता पनि हुन्छ। यदि तपाईंले हामीलाई लोकेसन डाटा पठाउने विकल्पलाई चालु गर्नुभयो भने, हामीलाई न्यून वायरलेस सिग्नल कवरेज क्षेत्रहरू पहिचान गर्ने जस्ता कार्यहरूमा हामीलाई सहयोग गर्नको लागि तपाईंको यन्त्रको स्थान निर्धारण बेला-बेलामा गर्न सक्छौं।

**स्न्यापड्र्यागन स्मार्ट प्रोटेक्ट (Snapdragon Smart Protect)**

Qualcomm® Snapdragon™ Smart Protect एन्ड्रोइड केन्द्रित यन्त्रहरूका लागि तयार गरिएको सुरक्षा सफ्टवेर हो ("Smart Protect") जसलाई युरोपेली इकोनोमिक क्षेत्रमा क्युटी टेक्नोलोजिज आयरल्यान्ड लिमिटेड (QT Technologies Ireland Limited) ले र संयुक्त राज्य अमेरिकामा क्वाल्कोम टेक्नोलोजिज, इन्क. (Qualcomm Technologies, Inc.) प्रदान गरेको छ। स्मार्ट प्रोटेक्ट (Smart Protect) ले स्थापना गरिएको फोनमा एन्ड्रोइड एप्लिकेसनहरूले देखाउने व्यवहारलाई निगरानी गर्छ, र मालवेर, स्पाइवेर, एडवेर, र र्‍यान्समम‌वेर हुनसक्ने शङ्का गरिएको एप्लिकेसनहरूको आचरणलाई पहिचान गर्नको लागि मेसिन लर्निङको प्रयोग गर्छ। स्मार्ट प्रोटेक्टले त्यही यन्त्रमा स्थापना गरिएको हाम्रो ग्राहकको तेस्रो-पक्षीय सुरक्षा एप्लिकेसनहरूमा रिपोर्ट गर्छ।

स्मार्ट प्रोटेक्टलाई, र गोपनीयता सम्बन्धी नीतिमा व्याख्या गरिएका अन्य प्रयोगहरूलाई सुधार गर्नको लागि, स्मार्ट प्रोटेक्टले हामीलाई, एप्लिकसेनको नाम र सावधानी पैदा गर्ने क्रियाकलाप, उत्पादक, मोडेल, र सञ्चालन प्रणालीको संस्करण जस्ता यन्त्रका आधारभूत डाटा, र भाषा सेटिङ, क्यारियर, र कन्ट्री कोड जस्ता यन्त्र कन्फिगिरेसन डाटा लगायत सम्भावित मालवेर डिटेक्सन(हरू) सम्बन्धी सारांश प्रदान गर्छ।

**भेल्लामो (Vellamo)**

भेल्लामो (Vellamo) एन्ड्रोइड केन्द्रित यन्त्रहरूका लागि तयार गरिएको बेन्चमार्किङ सफ्टवेर एप्लिकेसन ("Vellamo") हो, जसलाई क्वाल्कोम इनोभेसन सेन्टर, इन्क. (Qualcomm Innovation Center, Inc.) ले ल्याएको हो। भेल्लामो (Vellamo) ले स्थापना गरिएको यन्त्रको प्रणाली कार्यसम्पादनलाई विश्लेषण गर्ने र त्यसको रिपोर्ट गर्ने गर्छ। तपाईंले आफ्नो यन्त्रको कार्यसम्पादनलाई हामीले जाँच गरेका अन्य यन्त्रहरूसँग तुलना गर्न सक्नुहुन्छ, र त्यसो गर्ने क्रममा, तपाईंको यन्त्रले हामीलाई जाँच परिणामहरू र प्रणाली जानकारी प्रदान गर्नसक्छ। त्यस्ता सूचनामा निम्न विवरण पर्नसक्छ: यन्त्र उत्पादकको नाम, मोडेल र संस्करण; प्रोसेसर, मेमोरी, र उपलब्ध सेन्सरहरू जस्ता तपाईंको यन्त्रको हार्डवेर सम्बन्धी जानकारी; सञ्चालन प्रणालीको प्रकार र संस्करण; प्रदर्शन सम्बन्धी जानकारी; इन्टरनेट प्रोटोकल ठेगाना, ब्राउजर युजर एजेन्ट, र यन्त्र कनेक्ट हुने सेल्युलर नेट्वर्क सम्बन्धी जानकारी। तपाईंले अनुरोध गरेको कार्यसम्पादन बेन्चमार्किङ सेवा प्रदान गर्ने र मोबाइल यन्त्र कार्यसम्पादनको "वास्तविक" तथ्याङ्क सङ्कलन गर्ने लगायत यो नीतिमा व्याख्या गरिएका उद्देश्यहरूका लागि हामी आफूले सङ्कलन गरेको डाटाको प्रयोग गर्छौं।

**XTRA – प्रेडिक्टेड GNSS स्याटेलाइट अर्बिट डाटा**

XTRA, क्वाल्कोम टेक्नोलोजिज, इन्क. (Qualcomm Technologies, Inc.) ले संयुक्त राज्य अमेरिकामा, र युरोपेली आर्थिक क्षेत्रमा क्युटी टेक्नोलोजिज आयरल्यान्ड लिमिटेड (QT Technologies Ireland Limited) ले मोबाइल यन्त्र कार्यसम्पादन सुधारको लागि प्रदान गर्ने प्रविधि हो। XTRA ले ग्लोबल नेभिगेसन स्याटेलाइट सिस्टम (GNSS) स्याटेलाइटहरूबाट प्रेडिक्टेड अर्बिटहरू सम्बन्धी डाटा फाइल क्वाल्कोमबाट डाउनलोड गर्छ। XTRA डाटा फाइल प्रयोग गरी यन्त्रलाई आफ्नो लोकसेन गणना गर्नको लागि चाहिने समयलाई घटाउँछ, र लोकेसन केन्द्रित एप्लिकेसनहरूको प्रयोग गर्दा यसले समय र ब्याट्रीलाई संचित गर्छ। XTRA सफ्टवेरका नयाँ संस्करणहरूले डाटाको सानो मात्रा हामीलाई पनि अपलोड गर्छ। हामी अपलोड गरिएको उक्त डाटालाई यो नीतिमा व्याख्या गरिएका उद्देश्यहरूका लागि प्रयोग गर्छौं, जस्तै सेवाको गुणस्तर, सुरक्षा, र प्रामाणिकता कायम र सुधारको लागि। XTRA ले निम्न प्रकारका डाटा अपलोड गर्छ: ऱ्यान्डम रूपमा जेनेरेट गरिएको युनिक आईडी, चिपसेटको नाम र सिरियल नम्बर, XTRA सफ्टवेर संस्करण, मोबाइल कन्ट्री कोड र नेट्वर्क कोड (देश र वायरलेस अपरेटरको पहिचान दिने), सञ्चालन प्रणालीको प्रकार र संस्करण, यन्त्र उत्पादक र मोडेल, एप्लिकेसन प्रोसेसर र मोडेमलाई अन्तिम पटक बुट गरिएपछिको समय, र यन्त्रमा रहेका हाम्रा सफ्टवेरहरूको सूची।